"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: ६८५
प.सं.:२०८१-०८२

मितिः २०८१/०८/०४

श्री सम्बन्धित सहकारी संस्थाहरु,
मुसिकोट नगरपालिका, गुल्मी ।

विषयः <u>तालिममा सहभागिता सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर काठमाण्डौंको च.नं. ७० , मिति २०८१/०७/२९ को पत्र मार्फत यस नगरपालिका अन्तर्गत रहेका **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघसंस्था** <u>बाहेकका</u> सहकारी संघसंस्था मध्ये कुनै एक सहकारी संघ संस्थाका **सदस्य/पदाधिकारी/कर्मचारीमध्ये** एक जनालाई मिति २०८१/०८/१० देखि २०८१/०८/१७ गते सम्म सञ्चालन हुने सात(७) कार्यदिने सहकारी व्यवसाय प्रवर्द्धन तालिममा सहभागिताको लागि पत्राचार भएको हुँदा यसै पत्रसाथ संलग्न पत्रबाट थप व्यहोरा अवगत गरी सम्बन्धित सहकारी संघसंस्थाको सिफारिस पत्र सहित यस कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ।

.................................
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

नोटः तालिममा सहभागिताका लागि यस नगरपालिका अन्तर्गत रहेका **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघसंस्था** <u>**बाहेकका**</u> सहकारी संघसंस्था मध्ये कुनै एक सहकारी संघ संस्थाका **सदस्य/पदाधिकारी/कर्मचारीमध्ये** एक जना मात्र सहभागी हुन पाउँने हुँदा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको यसैसाथ संलग्न पत्रमा उल्लेखित आचार संहिता पुरा गरेका/गर्ने संघ संस्थालाई पहिले आउनेलाई पहिलो प्राथमिकताका आधारमा यस कार्यालयबाट मनोनयन पत्र उपलब्ध गराइनेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

☎079-412145 E-mail: musikotmpgulmi@gmail.com Web-site: www.musikotmungulmi.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

## सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ वानेश्वर, काठमाडौं

प.सं.: ०८१/८२
च.न 60

श्री सुगमजी
सहकारी निरीक्षक
रवन्‌ उपरि पहल गरी

मिति:- २०८१।०७/२९

विषय: तालिममा सहभागी गराइदिने सम्बन्धमा।

श्री स्थानीय तहरु सबै।

यस केन्द्रले मिति २०८१/०८/१० देखि २०८१/०८/१७ गते सम्म सहकारी संघसंस्थाका सदस्य/**पदाधिकारी/कर्मचारीहरुका *लागि सात (७) कार्यदिने सहकारी व्यावसाय प्रवर्द्धन*** तालिम संचालन गर्न लागेको हुँदा तहाँ अन्तर्गत रहेका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्था बाहेक कुनै एक सहकारी संघ संस्थाका पदाधिकारी/व्यवस्थापक/कर्मचारी मध्ये एक जनालाई तालिममा सहभागिताका लागि मनोनयन गरी देहायको ढाँचा (Format) मा यस केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा पठाइदिनुहुन मिति २०८१/०७/ २९ को निर्णयानुसार अनुरोध छ।

सहभागी मनोनयनको ढाँचा र अन्य व्यवस्था यस प्रकार खुलाईएको व्यहोरा अनुरोध छ।

सहभागी मनोनयनको ढाँचा:

| क्र.सं. | सहभागीको नाम थर | पद | कार्यरत संघ/संस्थाको नाम र ठेगाना | सहभागीको मोबाइल नम्बर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | सम्बन्धित कार्यालयको सम्पर्क व्यक्तिको मोबाइल नं र इमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(क) सहभागीको सुविधा सम्बन्धी व्यवस्था:

(१) **सहभागीहरुलाई तालिम संचालन दिनको खानाबापत दैनिक रु. ४०० भत्ता उपलब्ध गराईनेछ र तोकिएबमोजिम आते जाते यतायात खर्च यस केन्द्रबाट उपलब्ध गराईने छ।** तर हवाई यातायात खर्च उपलब्ध गराईने छेन।

(२) तोकिएका सत्रमा अनुपस्थित हुने सहभागीलाई दैनिक भत्ता, यातायात खर्च तथा प्रमाणपत्र समेत प्रदान गरिनेछैन।

(२) तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेलमा उपलब्ध गराइनेछ।

**(ख) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजात:-**

तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ। यसका लागि www.ctrc.gov.np मा गई Online Training मा Click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ।

(१) सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(२) सहभागीको मोबाइल नं. र ईमेल ठेगाना समेत खुलाई सम्बन्धित निकायको मनोनयनपत्र,

(ग) सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिता

(१) सहभागीहरुलें मनोनयन पत्र पठाउँदा नै आवास सुविधा लिने नलिने खुलाउनु पर्नेछ।(पहिले आउनेलाई पहिले प्राथमिकता दिईनेछ)

(२) तालिम विहान १०:०० बजेदेखि साँझ ०५:०० बजेसम्म संचालन हुनेछ।

(३) तालिम कार्यक्रममा शान्त र होहल्लारहित वातावरणमा सहभागी हुनुपर्नेछ।

(३) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नुपर्नेछ।

(४) तालिमको अवधिभर औपचारिक पोशाकमा रहनुपर्नेछ।

(५) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन।

(६) यस केन्द्रबाट गत आ.व.मा संचालित कुनै पनि तालिम लिएका व्यक्तिहरु तथा संस्थाहरु यस तालिममा सहभागी हुन पाइनेछैन। एक स्थानीय तहबाट एक जनाभन्दा बढीलाई तालिममा सहभागी गराईने छैन।

**(८) सम्पर्क व्यक्ति एवं यस केन्द्रको समन्वय विना तालिममा सहभागी हुन आउने प्रशिक्षार्थीलाई तालिममा सहभागी गराईने छैन।**

(९)आचार संहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

सम्पर्क व्यक्ति:

नायब सुब्बा श्री विनोद प्रसाद पोखरेल ( ९८४७५३८३००)
खरिदार श्री शैलेन्द्र प्रसाद यादव (९८४३५२०८२७)

(श्याम शरण गैहे)
सहकारी प्रशिक्षक

दर्ता नं. ६५४
मिति: २०८१।८।४